नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ।

फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ११९

मिति :२०७५/०७/०८

**विषय: अनुगमन समिति र कार्यादेश सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री स्थानीय तह (सबै)

नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रि वितरण प्रक्रियाको अनुगमन गर्ने जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा "जिल्ला अनुगमन समितिको पुनर्गठन र कार्यादेश स्वीकृत हुन" पेश भएको नं १९/६६-०७५/०४/१६ को प्रस्ताब मन्त्रिपरिषद आर्थिक तथा पूर्वाधार समितिमा छलफल भई परिमार्जन सहित मिति २०७५/०६/२८ को मन्त्रिपरिषद बैठकबाट स्वीकृत गर्ने गरी निर्णय भएकोले अनुगमन समितिलाई क्रियासिल बनाई संलग्न कार्यादेश बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्रि वितरण कार्यलाई बिधिसम्बत बनाउने ब्यबस्था हुन आदेशानुसार अनुरोध छ ।

०७/८
(जीवलाल भुसाल)
उप-सचिब

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय (सबै)
श्री सूचना तथा बिद्युतीय शासन शाखा : यसै बमोजिमको पत्र वेभसाईटमा राखि दिन हुन

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(............................ शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- ४६४
मिति:- ०६४।६।६
समय:-

पत्र संख्या :-
च.नं. :- २४०४

मिति : २०७५/६/२८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- ६४६
दर्ता मिति:- ०७५।६।४

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदेश स्वीकृत गर्ने विषय मं.प.बै.सं. ३६/०७५ मिति २०७५/६/२८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदेश स्वीकृत गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १९/६६-०७५।४।१६ को प्रस्ताव मं.प.बै.सं. २८/०७५ मिति २०७५।५।८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।५।२० को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदेश" स्वीकृत गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

अनुसुची १

नदीजन्य तथा ढुंगा , गिट्टी र बालुवा खानीजन्य पदार्थको उत्खनन् संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन तथा समन्वय समिति रहने:

| | | |
|---|---|---|
| १. | जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| २. | जिल्ला समन्वय समितिको उप-प्रमुख | सदस्य |
| ३. | प्रमुख जिल्ला अधिकारी | सदस्य |
| ४. | जिल्ला प्रहरी प्रमुख | सदस्य |
| ५. | प्रमुख, सशस्त्र प्रहरी बल | सदस्य |
| ६. | नेपाल सरकार वा प्रदेश अन्तर्गत जिल्लामा कार्यरत वन, वातावरण तथा भूसंरक्षणसंग सम्बन्धित अनुगमन समितिले तोकेको कार्यालयको प्रमुख | सदस्य |
| ७. | नेपाल सरकार वा प्रदेश अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इञ्जिनियर | सदस्य |
| ८. | जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

अनुगमन तथा समन्वय समितिको कार्यदिश:

१. समितिले ढुङ्गा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उत्खननकर्ता वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ:

क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तहरुको परिपालना भए नभएको,

ख) स्वीकृत विधि, प्रकृया र परिमाण बमोजिम उत्खनन् र संकलन भए नभएको,

ग) राजश्व चुहावट तथा चोरी निकासी सम्बन्धमा,

घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नु पर्ने गति, सिमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

ङ) ठेक्का संझौताको परिपालना,

च) नदीजन्य तथा ढुंगा, गिट्टी र बालुवा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

छ) संचालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु, जारी भएका ऐन, नियम तथा आदेशमा तोकिएका विषयहरु र समितिले आवश्यक देखेका अन्य विषयहरु ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२. अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उत्खनन्कर्ता वा संकलनकर्ताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

३. अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने गाउँपालिका वा नगरपालिका वा उत्खनन्, संकलन वा निकासीकर्तालाई समितिको निर्देशन पालना नभएसम्म उत्खनन्, संकलन वा निकासी कार्यमा रोक लगाउन सक्नेछ ।

४. बुँदा नं. ३ बमोजिम रोक लगईएकोमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उत्खनन्, संकलन वा निकासीकर्ताले समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा अनुगमन समितिले लगाएको रोक्का फुकुवा गर्न सकिनेछ ।

५. सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य यस नियमावली र वातावरण अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न अनुगमन कार्यदलका साथै अनुगमन गर्ने विषयको चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. अनुगमन कार्यका लागि परिचालित हुने अनुगमन समितिलाई स्थानीय तहले आवश्यकतानुसार सूचना, तथ्यांक लगायतको प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

७. अनुगमनका क्रममा ठेक्काका शर्त उल्लघन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्ता संकलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले निर्देशन दिन वा सचेत गराउन सक्नेछ । समितिले अनुगमन सम्बन्धमा देखिएका अन्य विषयहरुमा आवस्यक कार्यविधी तर्जुमा गर्न सक्नेछ ।

८. अनुगमन समितिले प्रत्येक बर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन वा परिमार्जन गर्नु पर्ने भए सोही बमोजिम गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई निर्देशन दिनु पर्नेछ ।

९. अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खनन्कर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा विक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्ने छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं